**बैजनाथ गाउँपालिका**

# बैजनाथ राजपत्र

खण्ड : ०५ संख्या : १२ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/२६

## बालक्लब तथा बालसञ्जाल गठन तथा सहजिकरण निर्देशिका, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१२/१२
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१२/२०

### प्रस्तावनाः

नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुरयाउन, नेपाल सरकारले लागू गरि आएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल क्लव गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नमुना निर्देशिकालाई आधार मानी यस गाउँपालिका भित्र बाल क्लव तथा संजाल गठन र व्यवस्थापन मार्फत सार्थक बाल सहभागिता सुनिश्चित गर्नका लागि यस गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको कामहरुको कार्यान्वन गर्न बाल क्लव तथा बाल संजाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका २०७८ जारी गरेको छ ।

## परिच्छेद १ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम बाल क्लव तथा संजाल गठन, व्यवस्थापन तथा सहजीकरण निर्देशिका २०७८ रहेको छ ।

ख) यो निर्देशिका गाँउ कार्यपालिकाबाट स्वीकृत भइ राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

## परिच्छेद २ : परिभाषा

### २. विषय वा प्रसंगले अर्को अर्थ

क) स्थानीय तह भन्नाले बैजनाथ गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुलाई समेत जनाउनेछ ।

ख) सेवा प्रदायक कार्यालय भन्नाले तिनै तहका सरकार अन्तर्गत बैजनाथ गाउँपालिकामा सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्था, विद्यालयहरु, प्रहरी कार्यालय, सामाजिक तथा गैरसरकारी सघं-सस्थाहरुलाई समेत जनाउनेछ ।

ग) बाल क्लव भन्नाले यस निर्देशिका बमोजिम गठन भई गाँउपालिका तथा वडा कार्यालयहरुमा सुचिकृत भएका १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुको संगठनलाई जनाउनेछ ।

घ) बाल सञ्जाल भन्नाले यस निर्देशिका बमोजिम गाँउपालिका क्षेत्र भित्र गठन भएका बाल क्लवहरुको सञ्जाललाई जनाउनेछ । सो शब्दले वडा तथा गाउँपालिका स्तरीय बाल संजालहरु समेतलाई बुझाउनेछ ।

ङ) विशिष्टीकृत बाल क्लव भन्नाले विश्वब्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका क्लवहरु , जुनियर रेडक्रस, राष्ट्रिय रोट्याक्ट क्लब, लियो क्लब, रेयुकाइ समूह जस्ता विशेष क्लवलाई जनाउनेछ ।

छ) सहजकर्ता भन्नाले बाल क्लव तथा संजालको गठन र सञ्चालनका लागि सहजीकरण गर्न निर्देशिका बमोजिम नियुक्ती गरिएको व्यक्तिलाई जनाउनेछ ।

ज) सहयोगी संस्था भन्नाले यस गाँउपालिकाको क्षेत्र भित्र रहेका बाल क्लव तथा संजालहरुलाई सहयोग गर्ने, बाल अधिकार संरक्षण तथा प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरु वा सामाजिक संस्थाहरुलाई जनाउनेछ

झ) सामाजिक परिचालक भन्नालेः बिगतमा संघिय सरकारको कार्यक्रम अन्तर्गत नियुक्त भइ हाल गाउँपालिका मा समाहित भएका गाउँपालिका र वडा कार्यालयहरुमा कार्यरत रहेका सामाजिक परिचालकलाई जनाउनेछ ।

ञ) संरक्षक शिक्षक भन्नाले विद्यालय स्तरमा गठन भएका बाल क्लवलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

ट) बालअधिकार संरक्षण समिति भन्नाले गाँउपालिका तथा वडास्तरमा गठन भएका समितिहरुलाई जनाउनेछ ।

### ३. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको मूलभूत उद्देश्य देहाय बमोजिम रहेको छ :

क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

ख) बाल क्लवहरुको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपुर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

ग) बाल मैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुर्याउने ।

घ) गाँउपालिकाका हरेक प्रक्रियामा सार्थक बाल प्रतिनिधित्व मार्फत बालमैत्री पूर्वाधार विकासमा टेवा पुयाउने ।

ङ) सवै बालक्लवहरुको गठन, क्षमता बिकास र परिचालनमा एकरुपता ल्याउने ।

च) गाँउपालिका तथा वडाहरुको वार्षिक योजना चक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र उपलब्धी मापन) मा सार्थक बालसहभागिता सुनिश्चित गर्ने ।

**४. निर्देशिकाको कार्यान्वयन**

क) गाँउपालिका तथा वडाहरुमा बाल क्लव तथा संजाल गठन, व्यवस्थापन र सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु गाँउपालिकाको दायित्व हुनेछ ।

ख) बाल सहभागिता तथा बाल क्लव सहजीकरणका लागि यस निर्देशिकाको प्रचार प्रसार गर्नु र यस बमोजिम कार्यान्वयन गर्न गराउन गाँउपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशिल स्थानीय, राष्ट्रिय गैससं, अन्तर्राष्ट्रिय गैससं तथा विकास साझेदारहरुको जिम्मेवारी हुनेछ ।

## परिच्छेद ३ : बाल क्लबको गठन प्रक्रिया

**५. बाल क्लबका किसिम**

क) कुनै निश्चित विषय वा क्षेत्रका बालाबलिका सरोकारमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचार प्रसार र अनुगमन गर्न १८ वर्ष मुनिका बालबालिका समाबेश गरि गठन गरिएको सामान्यतया २५ जना वा सो भन्दा बढी बालबालिका सदस्य रहेको समूहलाई बाल क्लव मानिनेछ ।

ख) यदि २५ जना भन्दा बढी बालबालिका कुनै पनि बाल क्लवमा आवद्ध भएको अवस्थामा उक्त बाल क्लव अन्तर्गत उप समूह गठन गर्नुपर्नेछ ।

ग) यसरी गठन भएका बाल क्लवहरु गाँउपालिका तथा वडा कार्यालयमा सुचिकृत र नविकरण गर्नुपर्नेछ

घ) बाल क्लवको गठन गर्दा ५ वर्ष देखि १८ वर्ष उमेरसमूहका बालबालिकालाई समेट्नु पर्नेछ । विद्यालयमा आधारित बाल क्लबहरु गठन गर्दा उमेर समूह (५ देखि ११ बर्ष उमेर समूह, १२ देखि १५ बर्ष उमेर समूह र १६ देखि १८ बर्ष उमेर समूह) का आधारमा छुट्टा छुट्टै गठन गर्नुपर्नेछ । साथै समुदायमा आधारित बाल क्लव गठन गर्दा ५देखि १८ वर्ष उमेर समूहको एउटै बाल समूह गठन गर्न बाधा पर्ने छैन ।

ङ) बाल क्लब सामान्यतया ५ प्रकारका हुनेछन् :

१) समुदायमा आधारित बाल क्लव

अ) नेपालको सन्दर्भमा कुनै टोल, बस्ती, वडा भित्र बाल क्लव गठन गर्न सकिन्छ ।

आ) यस्ता बाल क्लवले सम्बन्धित भुगोल भित्रका सबै उमेर लिंग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकाहरुलाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता
हुने सुनिश्चित गरिनुपर्नेछ ।

इ) यसरी बन्ने बाल क्लवमा सम्बन्धित क्षेत्रभित्रका स्थायीरुपले बसोबास गर्ने बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

२) विद्यालयमा आधारित बाल क्लवहरु :

विद्यालयमा आधारित बाल समूहहरु देहायका आधारका बाल समूहहरु हुनेछन् :

अ) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालयका बालअधिकार अनुगमन तथा प्रवद्र्धन गर्न गठन भएका बाल समूह पर्दछन् ।

आ) विद्यालयमा आधारित बाल क्लवहरुले सबै जातजाति, कक्षा, लिंग र शारीरिक हैसियतका बालबालिकाहरुको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ।

इ) यसरी बन्ने बाल क्लवमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भइ अध्ययनरत हुनुपर्दछ ।

३) विषयगत बाल क्लवहरु देहाय अनुसार हनेछन् :

अ) विषयगत रुपमा निश्चित विषयहरु जस्तै : बालिकाहरुको मात्र सवाल, जलबायु परिवर्तन, बाल श्रम, एच आइ भि एड्स जस्ता विषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल क्लवहरु गठन गर्न सकिनेछ ।

आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका बाल क्लवलाई विषयगत बाल क्लव मानिनेछ ।

इ) विद्यालय भित्र यस्ता बाल क्लव गठन भएमा उक्त क्लवलाई विद्यालय स्तरीय बाल क्लवकै रुपमा क्लव मानिनेछ ।

४) विशिष्टीकृत बाल क्लव :

अ) अन्तराष्ट्रियरुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरु, नेपाल सरकारका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल क्लव गठन गर्न सक्नेछन् । जस्तै : जुनीयर रेडक्रस, स्काउट, लियो, रोट्याक्ट, आदि ।

आ) यिनीहरुको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुनेछन् ।

५) बाल क्लब सञ्जाल :

देहाय अनुसार बाल क्लब तथा सञ्जाल गठन गर्न सकिने छ :

अ) वडा तथा नगर स्तरमा सूचिकृत भएका बाल क्लवहरु एक आपसमा भेला भइ एक आपसका काम र अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामुहिकीकरण गर्न बाल क्लव सञ्जाल गठन गरिनेछ ।

आ) यसरी बाल क्लव सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लवहरु सम्मिलन हुन सक्नेछन् ।

**६. बाल क्लव गठनका लागि सुचना, भेलाको आयोजना तथा अभिमुखीकरण**

क) बालसमूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यता देहायका प्रक्रिया तथा सिद्धान्त पूरा गर्नु पर्नेछ ।

अ) समुदायमा आधारित बाल क्लव गठन गर्न चाहने जो कोहिले पनि बाल क्लव गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्युनतम पनि ७(सात) दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरुलाई खुला सुचना दिनुपर्नेछ ।

आ) यसरी दिइने सुचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायको अन्य भाषाहरुमा समेत दिनुपर्नेछ ।

इ) सुचना उपलब्ध गराउने विधिमा गाँउपालिकाको कार्यालय, वडा कार्यालय, सहकारी तथा बचत क्लवका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालयहरुमा सुचना टाँस गरीर सम्पर्कमा आएका बालबालिकाहरुलाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

ई) बाल क्लव गठन गर्ने भेलामा न्युनतम पनि २५ जना बालबालिकाहरुको उपस्थिती हुन जरुरी छ ।

उ) बाल क्लवको गठन गर्ने भेला बालबालिकाको लागि सहज पहुँच भएको, सबै बालबालिकाको लागि केन्द्र पर्ने र सुरक्षित सार्वजनिक स्थल वा भवनहरुमा आयोजना गर्नुपर्नेछ ।

ऊ) बाल क्लव गठन गर्ने भेलामा निम्न विषयहरुमा अभिमुखीकरण तथा छलफल गरिनु पर्दछ । बाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरु स्थानीय तहमा बालक्लब गर्नुको कारण र योजना बालसमूहको मूख्य उद्देश्य र कार्यक्रमहरु रहन सक्नेछन्।

ऋ) यस्ता अभिमूखिकरण तथा जानकारीहरु सरल र बालबालिकाले बुझ्ने भाषामा हुनु पर्दछ ,यदि बहुसंख्यक सहभागि नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखिकरण र छलफल चलाउन सकिनेछ ।

ए) भेलामा सहभागी सबै बयस्क तथा बालबालिकाहरुको छुट्टाछुट्टै उमेर, जातजाती र लिंग समेत जनाउने गरी उपस्थिती गराउनुपर्नेछ ।

ऐ) विद्यालयमा आधारित बाल क्लव गठन गर्दा भने विद्यालय भित्र सबै कक्षामा सुचना प्रदान गरिनुपर्दछ ।भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितीमा गरिनुपर्नेछ ।

ओ) विषयगत बाल क्लव गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गरिनुपर्नेछ ।

**७. नेतृत्व चयन**

क) बाल क्लव गठन गर्न नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाहरुको सहमती भएमा बाल क्लवको नेतृत्व चयन गर्नु पर्नेछ । बाल क्लवको नेतृत्व तल उल्लेखित मध्ये कुनै एक विधिबाट चयन गर्न सकिनेछ । कुन विधिबाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकाहरु माझ छलफल गरी तय गरिनुपर्नेछ ।

ख) बहुपदीय नेतृत्व : बाल क्लवमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।

ख. चक्रीय नेतृत्व : बाल क्लवमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रकृया आगामी बैठकहरुमा दोहोरिंदै जाने ।

१. बाल क्लवको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

२. बाल क्लवले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रमहरु गर्न सक्दछन् । उपसिमितिमा ३ देखि १५ जना सम्म सदस्य बन्न सक्नेछन् ।

३. बाल क्लवको नेतृत्वमा उपलब्ध भएसम्म ५० प्रतिशत बालिका, २५ प्रतिशत जनजाति, १० प्रतिशत दलित र ५ प्रतिशत अपांगता भएका बालबालिकाहरुको सिट सुनिश्चित गर्नुपर्नेछ ।

४. एउटा बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लवको नेतृत्वमा बस्न पाइनेछैन । तर कुनै बाल क्लवको नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने चयन हुन पाउनेछ । तर बाल क्लबको नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्ने छन् ।

५. समुदायमा आधारित बाल क्लव र विद्यालयमा आधारित बालक्लवको नेतृत्व गर्ने अवधि अधिकतम २ वर्ष हुनुपर्नेछ ।
६. एउटा बालक वा बालिका कुनैपनि बाल क्लवको एउटै पदमा एक कार्यकाल भन्दा बढी समय बस्न पाईनेछैन । तर सदस्यमा रहन बाधा पर्ने छैन ।
७. ८ वर्षभन्दा कम उमेर समूहका बालबालिकालाई बाल क्लवको नेतृत्वमा राखिने छैन ।
८. बालक्लबको पदाधिकारीमा बालक र बालिकाको संख्या बराबरी छान्नुपर्नेछ ।
९. बाल क्लवका सदस्यहरु बीचमा नेतृत्व चयनका सन्दर्भमा विवादहरु आएमा निम्न अभ्यासहरु गर्नुपर्नेछ।
क) नेतृत्व गर्न चाहने सदस्यले आफुले बाल क्लवलाई कसरी सकृय र बलियो बनाउने भन्नेविषयमा अर्को सदस्य प्रति नकारात्मक धारणा ब्यक्त नगरी छोटो प्रस्तुती गर्न लगाउने र त्यसैका आधारमा नेतृत्वका चयन गर्न सहजीकरण गर्ने ।
ख) नेतृत्व गर्न चाहने सदस्यहरु बिच मात्र छलफल गराई सहमती गराउने ।
ग) नेतृत्वलाई चक्रीय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।
घ) नेतृत्व गर्न चाहनेहरु बिच विभिन्न उप समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।
ङ) माथी उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरुमा गोप्य मतदान गराउने र प्राप्त मतका आधारमा नेतृत्व चयन गर्न मद्धत गर्ने । मतदान प्रक्रियाको सहजीकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नुपर्नेछ ।

**८.बाल सञ्जालहरुको गठन**

१. बालबालिकाहरुको साझा समस्या तथा सवालहरु अझै संगठित रुपमा उठाउन, बाल क्लवहरु बीच आपसी सहयोग, समन्वय र सहकार्य बढाउन र फरक फरक सिकाईहरुलाई आदानप्रदान गर्न र बालबालिकाहरुको सर्वोत्तम हित र विकासका लागि थप अवसरहरुको सृजना तथा खोजी गर्नका लागि बाल क्लवहरुको संजाल गठन गरिनेछ ।
२. बाल क्लव सञ्जाल वडा र गाँउपालिका स्तरमा गठन गरिनेछ ।
३. बाल क्लव सञ्जाल गठन गर्नका लागि (वडा र पालिका) तहमा बाल क्लवहरुको प्रतिनिधिहरुको भेला आयोजना गरिनेछ ।
४. यसरी भेला आयोजना गर्दा भेला आयोजनाको लागि तोकिएको दिन भन्दा कम्तीमा पनि ७ दिन अगावै सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) सबै बाल क्लवहरुलाई सुचना प्रदान गरिनुपर्छ । उक्त सुचनामा निम्नलिखित जानकारीहरु स्पष्ट सँग अनिर्वाय उल्लेख गर्नुपर्छ ।
क) भेलाको लागि तोकिएको मिति, दिन, समय र स्थान
ख) सम्बन्धित बाल क्लवबाट उक्त भेलाका प्रतिनिधित्व गर्नुपर्ने बालक र बालिकाको संख्या
ग) उक्त भेलामा छलफल गरिने विषयवस्तु वा एजेण्डा
घ) उक्त भेलामा सहभागी हुन आउने सहभागी बालबालिकालाई उपलब्ध गराईने र उपलब्ध नगराइने सुविधाहरु
ङ) अन्य आवश्यक विषयबस्तु
५. बाल क्लवका प्रतिनिधिहरुले भेलामा सहभागी हुनका लागि निम्न शर्तहरु पूरा गर्नुपर्ने छ ।
क) सम्बन्धित बाल क्लवले प्रतिनिधि छनोट गरी पठाइएको निर्णय उल्लेख गरिएको पत्र
ख) समुदायमा आधारित बाल क्लवको हकमा, उक्त भेलामा सहभागी हुन जानका लागि सम्बन्धित

बालक वा बालिकाको अभिभावकको लिखित सहमति पत्र

ग) विद्यालयमा आधारित बाल समूको हकमा उक्त भेलामा सहभागी हुन जानका लागि सम्बन्धित बालक वा बालिकाको अभिभावक तथा विद्यालय प्रधानाध्यापकको लिखित सहमति पत्र

घ) बालबालिकाको जन्मदर्ता पत्र ।

६. वडा तथा गाँउपालिका स्तरीय बालभेलाका लागि सहभागीको छनौट ।

क) वडाभेला :

अ) वडा अन्तर्गत प्रत्येक टोल, बस्ती र समुदाय स्तरमा गठन भएका बाल क्लव सदस्यहरुको भेलाले आफु मध्येवाट छनौट गरी पठाएका ३ जना (बालक १, बालिका १ र अपांगता भएका वा दलित वा आदिबासी वा लोपोन्मुख जातजाति मध्येबाट १ जना ।

आ) वडा अन्तर्गत पर्ने बिद्यालयहरुमा गठित बाल क्लवहरुको भेलाले छनौट गरी पठाएका १ जना बालक र १ जना बालिका

ख) गाउपालिका स्तरीय बालभेला : गाँउपालिका अन्तर्गतका वडास्तरीय बालसंजालहरुले आफ्ना सदस्य मध्येवाट छनौट गरी पठाएका ३ देखी ५ जना (२ बालक, २ बालिका र अपांग वा लोपोन्मुख जातजाति मध्येबाट १ जना ) सम्मको बालप्रतिनिधिहरु ।

८. सञ्जालको नेतृत्व चयन पनि भेलाको सहमतीको आधारमा नियम ८ मा व्यवस्था भए बमोजिमको गरिनुपर्दछ ।

९. प्रत्येक बाल सञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक २ बर्षमा गर्नुपर्दछ ।

## ९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

१. बाल क्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाहरु माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म गोप्य मतदान सहितको निर्वाचन हुने अवस्था आउन दिनुहुँदैन ।

२. समक्षमताका प्रतिस्पर्धीहरुलाई सहमती गराई एकले अर्कोको नेतृत्व स्वीकार्न सक्ने वातावरण बनाउनका लागि पहिलो कोशिस गर्नुपर्नेछ ।

३. प्रतिस्पर्धी बालबालिकाहरुलाई चक्रिय नेतृत्व, संयोजन क्लव वा उपसमितिहरुको गठनबाट पनि विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरुको भुमिका र सक्रियतालाई प्रोत्साहन गर्नुपर्नेछ ।

४. बालबालिकाहरु माझ नेतृत्वका लागि हुने स्वच्छ प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव र दबाब बाट मुक्त राखिनुपर्नेछ ।

## १०. बाल क्लव तथा संजालहरुको आवद्दता तथा सूचिकरण

१. समुदाय तथा विद्यालयमा गठन भएका बाल क्लवहरु तथा बाल संजालहरु गठन भएको मितिले १ महिनाभित्र वडा कार्यालय अथवा नगरपालिका मा सुचिकृत हुनुपर्दछ ।

२. विद्यालयमा स्तरमा गठन भएका बाल क्लवको आवद्दता सम्बन्धित विद्यालयसँग र समुदाय, टोल वा बस्तीहरुमा गठन भएका बाल क्लवको आवद्दता र सुचिकरण सम्बन्धित वडा कार्यालय र गाँउपालिकाको कार्यालयसँग रहनेछ ।

३. वडा स्तर र नगर स्तरमा गठन भएका बालक्लव तथा बाल संजालहरुको आवद्धता र सुचिकरण सम्बन्धित वडा कार्यालय र नगरपालिकाको कार्यालयसँग रहनेछ ।

३. कुनैपनि बाल क्लव तथा संजाल सुचिकरण हुँदा त्यसको नाम, उद्देश्य, कार्यसमितिको नाम, सहजकर्ताको नाम र सम्पर्क स्थान र फोन नम्बर, आवद्दता रहेको कर्यालय समेत खुलाइएको हुनुपर्दछ|

४. सुचिकृत बाल क्लवहरु तथा बाल संजालहरु प्रत्येक बर्ष नविकरण हुनुपर्दछ । यसरी नविकरण गराउदा नविकरणको लागि निवेदन, सम्बन्धित बाल क्लव तथा संजालको बार्षिक भेलाको उपस्थिती र पुर्नगठित वा विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क फोन नम्बर र बाल क्लव तथा बालसंजालले अघिल्लो बर्ष सम्पन्न गरेका कार्यक्रमहरुको सुची सहित प्रगति प्रतिवेदनको प्रतिलिपि संलग्न गर्नुपर्दछ ।

५. विद्यालयमा आधारित बाल क्लव नवीकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिश पत्र पनि आवश्यक संलग्न गर्नुपर्दछ ।

६. बाल क्लव तथा बाल संजालको नाम राख्ने सम्बन्धमा बालबालिकाहरुको भेलामा सहभागीहरुले आपसी सहमति गरेर नाम राख्नेछन । कुनै एक बाल क्लव र बाल संजालको नाम त्यहि वडा र नगरपालिका भित्र रहेको अर्को बाल क्लव वा बाल संजालको नामसँग मिलेको अवस्थामा अर्को नाम राख्नुपर्नेछ ।

७. बाल क्लवहरु र बाल संजालहरुको नामसँग कुनै पनि निजि, सामाजिक वा गैरसरकारी संस्थाहरुले आफ्नो नाम जोड्न पाइनेछैन । तर ती बाल क्लवहरु तथा संजालहरुको क्षमता अभिवृद्धि, तिनिहरुले उठाएका मुद्दाहरुको लागि वकालत जस्ता कामहरु गर्नलाई आवश्यक सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

८. सम्बन्धित वडा तथा गाँउपालिकाको योजना प्रक्रियाहरुमा वा निति निर्माण प्रक्रियामा त्यस्ता बाल क्लव तथा बाल संजालहरुले आफ्नो क्षेत्रभित्रका सबै बालबालिकाहरुको प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्नेछ ।

९. बाल क्लव तथा बाल संजालको सुचिकरण तथा नविकरणका लागि सहजकर्ता संस्था वा कार्यालयको तोकिएको व्यक्ति अनिवार्य उपस्थित भई प्रमाणित र सहमति गर्नुपर्नेछ ।

१०. सुचिकृत तथा नविकरण भएका बाल क्लव र बाल संजालहरुको सम्पूर्ण विवरण सम्वन्धित वडा तथा नगरपालिकाले प्रकाशन गर्ने बालबालबालिकाको स्थिति प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्नुपर्नेछ ।

## परिच्छेद ४ : सहजकर्ता सम्बन्धी व्यवस्था

**११. सहजकर्ता संस्था, कार्यालय र व्यक्तिहरु :**

१. बाल क्लव तथा बाल संजालको गठन तथा सञ्चालन पालिकाका महिला तथा बालबालिका शाखाको प्रतिनिधिबाट गर्नु पर्ने छ ।

२. प्रत्येक बाल क्लव तथा बाल संजाल सहजीकरण गर्न एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुन्छ ।

३. सहजकर्तालि बाल क्लव तथा बाल संजालको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरुलाई सही र उपयुक्त उपायहरु सुझाउने, आवश्यक श्रोत साधन जुटाउन तथा उपलब्ध श्रोत साधन सम्म उनीहरुको पहुँच पुराउन सहयोग गर्नुपर्नेछ ।

४. बाल क्लव तथा बाल संजालका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति वयस्क सहजकर्ता , सहजकर्ता संस्था वा सम्बन्धित शाखाको पनि नैतिक जिम्मेवारी रहनेछ ।

५. बाल क्लव तथा बाल क्लव सहजकर्ताको छनौट प्रकृयामा बाल क्लवको सहभागिता र सहमति अनिवार्य रहनेछ ।

**१२. वयस्क सहजकर्ताको चयन**

१. प्रत्येक बाल क्लव तथा बाल संजाल सहजीकरणको लागि एक वयस्क सहजकर्ता अनिवार्य हुनुपर्नेछ

२. बालअधिकार संरक्षण तथा प्रर्वद्धन गर्न सहयोग गर्ने स्थानीय संस्था वा वडा कार्यालय तथा गाउपालिकाले वयस्क सहजकर्ता नियुक्त गर्नेछ ।

३. वयस्क सहजकर्ताले बाल क्लव तथा बालसंजाल सहजीकरण गरेबापत उनीहरुबाट कुनै पनि नगदी वा जिन्सी फाईदा वा पारिश्रमिक लिन हुदैन । तर सहयोगी संस्था वा वडा कार्यालय वा गाँउपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

४. वयस्क सहजकर्ताको शैक्षिक योग्यता न्युनतम १२ कक्षा उत्तीर्ण हुनेछ भने १९ देखि ४० बर्ष उमेर क्लवको व्यक्ति हुनेछ ।

५.विद्यालयमा आधारित बाल क्लवको सहजकर्ता शिक्षकहरुमध्येबाट र समुदायमा आधारित बाल क्लव , वडा तथा पालिका स्तरीय बाल संजालको सहजकर्ता बाल संरक्षण समिति वा बाल मैत्री स्थानीय शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

६.सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता सम्बन्धित वडा तथा पालिकाक्षेत्र भित्रको व्यक्ति हुनुपर्नेछ ।

**१३. बाल समूहको सहजकर्ता हुनकालागि चाहिने योग्यता :**

१. निम्न योग्यता भएको व्यक्तिलाई बाल क्लव तथा बाल संजालको सहजकर्ता हुनका लागि प्राथमिकता हुनेछ ।

क. बाल क्लवका पुर्व सदस्य भएकालाई प्राथमिकता दिइनुपर्नेछ ।

ख. बाल अधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त ।

ग. बाल मैत्री व्यवहारबारे सचेत र अभ्यस्त ।

घ. बालबालिकाप्रति सकारात्मक धारणा भएको र बालबालिका विरुद्द कुनै पनि हिंसा नगर्न प्रतिबद्ध ।

ङ. कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सकृय जिम्मेवारीमा नरहेको ।

च. फौजदारी अपराधमा संलग्न नभएको ।

छ. सम्बन्धित वडा तथा गाँउपालिकामा बसोबास भएको ।

ज. मदिरा, सुर्ती, चुरोट, लागु औषधको अम्मल नभएको व्यक्ति ।

**१४. वयस्क सहजकर्ताको भुमिका र सीमितता**

१. स्थानीय वयस्क सहजकर्ता बाल अधिकारको संरक्षण तथा प्रबद्र्धन का लागि प्रतिवद्ध, स्वयंसेवी भावनाको र माथि नियम १३ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनुपर्दछ ।

२. जिम्मेवारी प्राप्त वा छनोट भएका वयस्क सहजकर्ताले देहायका भूमिका निर्वाह गुर्नपर्दछ ।

क. बाल क्लव तथा बाल संजालको बैठक संचालन, उनीहरुको आफ्नै व्यक्तित्व विकास, सहभागिता र सर्वोत्तम हितका लागि कार्ययोजना वा क्रियाकलापहरुको योजना निर्माण र त्यसको कार्यान्वयका लागि सहजीकरण गर्ने ।

ख. बाल क्लव तथा बाल संजालहरु र स्थानीय तह तथा सम्बन्धित कार्यालय, संस्थाहरु बिच सम्पर्क, सम्बन्ध र समन्वय बढाउन सहजीकरण गर्ने ।

ग. बाल क्लव तथा बाल संजालले नेतृत्व गरेका कृयाकलाप वा कार्यक्रमहरुको लागि आवश्यक श्रोतसाधन जुटाउन सहयोग तथा सहजीकरण गर्ने ।

घ. बाल क्लव तथा बाल संजालहरुले उठाएका बालबालिका सम्बन्धिका सवाल तथा समस्याहरु सम्बन्धित सरोकारवालाहरुलाई समय मै जानकारी गराउन सहयोग गर्ने ।

ङ. बाल क्लव तथा बाल संजालसँग उपलब्ध श्रोत साधनको उपयुक्त र उच्चतम प्रयोग भए नभएको अनुगमन गर्ने र त्यसको लागि सहजीकरण गर्ने ।

च. बाल क्लव तथा बाल संजालका सदस्यहरु माझ विवाद वा समस्या आएको अवस्थामा त्यसको सहि समाधानको लागि सहजीकरण गर्ने ।

छ. बाल क्लव तथा बाल संजाललाई बाल अधिकार र बालबालिकाहरुको कर्तब्य सम्बन्धी सूचना मुलक सामग्रीहरु खोजी गर्न तथा उपलब्ध गराउन पहल गर्ने ।

ज. आवश्यक्ता अनुसार बालअधिकार तथा बाल क्लव, बाल संजाल सहजीकरण सम्बन्धि तालिम, गोष्ठी, अन्तरक्रिया, बैठकहरुमा सहभागी हुने ।

झ. बाल क्लव वा बाल संजालका कुनैपनि सदस्य आफ्नो घरपरिवार र समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनपरेमा सम्बन्धित अभिभावक र विद्यालयको सहमति पत्र लिन सहजीकरण गर्ने र आवश्यकता अनुसार वयस्क संरक्षकको भुमिका निभाउने ।

३. वयस्क सहजकर्ताले बाल क्लवको सहजीकरण गर्दा निम्न कार्यहरु गर्न हुँदैन ।

क. बाल क्लव तथा बाल संजालको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

ख. बाल क्लव तथा बाल संजालको योजना बनाउने, निर्णयहरु गर्ने र आफ्नो इच्छानुसार निर्णयमा सहमत गराउने ।

ग. बाल क्लव तथा बाल संजालको बैठक वा छलफल प्रक्रियामा आफ्नो विचार र धारणा राख्ने।

घ. बाल क्लव तथा बाल संजालको तर्फबाट निर्णायक प्रक्रिया, तह तथा संयन्त्रहरुमा प्रतिनिधित्व गर्ने ।

ङ. बाल क्लव तथा बाल संजालका सदस्यहरु माथि कुनै पनि प्रकारको दुव्र्यवहार, हिंसा र शोषण गर्ने ।

च. बाल क्लव तथा बाल संजालका सदस्यहरु बीच लिंग, बर्ण, जातजाती, उमेर, भाषा, भूगोल , शारीरिक लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

छ. बाल क्लव तथा बाल संजालसँग रहेको कुनै पनि प्रकारको साधन श्रोत जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने ।

छ. कुनै एक जातजाति, धर्म, संस्कृति, राजनीतिक दलहरुका गतिविधि र अपराधिक गतिविधिमा बाल क्लव तथा बाल संजालका सदस्यहरुलाई संलग्न गराउने वा संलग्न हुन उस्काउने ।

ज. जोखिमपुर्ण कृयाकलापहरुमा सहभागी गराउने वा सहभागी हुन उस्काउने ।

झ. बालबालिकाहरुको संरक्षण तथा उचित सुरक्षाको सुनिश्चितता नगरी उनीहरुको घरपरिवार वा समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरुमा संलग्न गराउने ।

ञ. बालक्लबको सम्पत्ति, बचत तथा अन्य रकम तथा आय जथाभावी प्रयोग गर्न वा व्यक्तिगत प्रयोजन वा हितमा प्रयोग गर्न ।

४. सहजकर्ताले नियम १४ (३) मा उल्लेख भए अनुसारको व्यवहार तथा गतिविधि गरेको भन्ने शंका लाग्ने जो कोहीले पनि आवश्यक प्रमाण सहित सम्बन्धित विद्यालय, वडा, नगरपालिका वा सहयोगी संस्था उजुरी दिन सक्नेछन ।

५. सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गर्दा दोषी भएको पाइएमा नियुक्त गर्ने संस्थाले सम्बन्धित सहजकर्तालाई नसिहत दिने, आगामि निश्चित अवधीसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पदबाट हटाउने र घटनाको प्रकृति हेरी आवश्यक कारबाहीका लागि प्रक्रिया अघि बढाउनेछ ।

६. तर, उजुरीको छानविन प्रक्रियामा सम्बन्धित सहजकर्तालाई एकपटक आफ्नो कुराहरु राख्ने अवसर दिइनेछ ।

## परिच्छेद ५ : बाल क्लवको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था

### १५. नियमित बैठक तथा छलफलका विषयहरु

१. बाल क्लव तथा बाल संजालको नियमित बैठक विद्यालय विदा वा बन्दको दिन र दिउसोको समयमा र सबै सदस्यहरुलाई पायक पर्ने सुरक्षित स्थानमा मात्र संचालनक गर्नुपर्नेछ ।

२. बाल क्लव तथा बाल संजालको बैठकमा सम्बन्धित वयस्क सहजकर्ताको उपस्थिती अनिवार्य हुनुपर्नेछ ।

३. बाल क्लव तथा बाल संजालको बैठक बस्ने समयावधि बढिमा २ (दुई) घण्टा सम्म हुनुपर्नेछ ।

४. बाल क्लव तथा बाल संजालको बैठक बसेको बेला बैठक पुस्तिका (माइन्युट) उतार गर्नुपर्नेछ ।

५. बाल क्लव तथा बाल संजालको नियमित बैठकमा उनीहरुका आफ्नै कार्ययोजना, क्रियाकलाप समस्या तथा सिकाईहरुमा छलफल हुनुपर्नेछ ।

६. आगामी कार्यक्रमको मिति ,स्थान र समय तय, जिम्वेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरुमा छलफल गर्नु पर्नेछ।

१. बाल क्लव तथा बाल संजालको बैठक तथा बार्षिक भेलाले मात्र वार्षिक योजना तय गर्नुपर्नेछ । यसरी योजना तय गर्दा बालबालिकाहरु आफ्नै लागि र आफूले आवश्यक ठानेका र गर्न सकिने क्रियाकलाप मात्र योजनामा राख्नु पर्नेछ । योजना कम्तीमा महिनामा एउटा कार्यक्रम हुनुपर्छ ।

२. बाल क्लव तथा बाल संजालका क्रियाकलाप वा कार्यक्रमको योजना निर्माण गर्दा विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

३. बाल क्लवको कार्यक्रम मुलतः निम्न विषयमा केन्द्रीत हुनुपर्दछ ।

क.बाल अधिकारको प्रचार प्रसार : विभिन्न कृयाकलापहरु मार्फत बाल क्लव तथा बाल संजालहरुले स्थानीय स्तरमा बालबालिकाको हक अधिकार र कर्तब्य सम्बन्धी प्रचारप्रसार गर्ने ।जस्तै : हाजिरीजवाफ, गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडीयो कार्यक्रम, पत्र लेखन जस्ता क्रियाकलापहरु ।

ख. बाल अधिकार अनुगमन :बाल क्लव तथा बाल संजालहरुले आफ्नो क्षेत्र भित्रका बालबालिकाहरुको अवस्था, बालअधिकारको अवस्था कस्तो छ भनेर अनुगमन गर्न सक्छन । वडा कार्यालय, गाउँपालिकाको कार्यालय, विद्यालय, विभिन्न अरु कार्यालय तथा संस्थाहरुको कार्यालयमा गुनासो पेटिका राखेर, बाल क्लव छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको भ्रमण गरेर, अभिभावकहरुसँग अन्तरक्रिया गरेर यसको अवस्था थाहा पाउने र थाहा पाएको कुराहरु विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय, गाउपालिकाको कार्यालय, बाल संरक्षण समिति, बाल मैत्री स्थानीय शासन समिति वा सहयोगी संस्थाहरुलाई तत्काल जानकारी गराउने ।

ग. जोखिममा परेका बालबालिकाहरुलाई आवश्यक थप सेवाका लागि सम्प्रेषण गर्ने : बाल क्लव तथा बाल संजालहरुले आफ्नो वडा, समुदाय तथा विद्यालयमा यदि कुनै बालक वा बालिका जोखिममा रहेका छन र तिनीहरुलाई थप सेवा, सहयोग र मद्दत चाहिएको अवस्था छ भने वडा बाल संरक्षण समिति वा नगर बाल संरक्षण समितिलाई जानकारी गराउने र सम्बन्धित सेवा प्रदायक संस्था वा कार्यालयमा सम्प्रेषण गर्न मद्धत गर्ने ।

घ. बालबालिका स्वयमंको व्यक्तित्व विकास सम्बन्धित कार्यक्रमहरु : बाल क्लवहरु तथा बाल संजालहरुले आफ्ना सदस्यहरुको लागि गुणस्तरीय पढाई, लेखाई, सकारात्मक आनीबानी, व्यक्तिगत सरसफाई जस्ता कुराहरुमा मद्दत गर्ने खालका क्रियाकलापहरु संचालन गर्ने ।

ङ. सामुदायिक सेवा सम्बन्धी कृयाकलापहरुमा संलग्नता र सहभागिता : कुनैपनि बाल क्लव तथा बाल संजालका १४ वर्ष उमेर पुरा भईसकेका सदस्यहरुले कसैको करकाप विना समुदायको हितका लागि सेवा गर्न सक्छन् । तर यस्तो सेवामूलक कृयाकलापहरु बालबालिकाहरुको हित विपरित, उल्टै बालबालिकाहरुलाई जोखिममा धकेल्ने, उनीहरुको नैतिक तथा भौतिक क्षति हुने खालको छैनन् भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ। तर प्रचलित कानुनले बर्जित गरेका, निकृष्ट वा जोखिमयुक्त कृयाकलापहरुमा बालबालिकाले सहयोग तथा सेवा गर्न सक्नेछैनन् ।

छ. बालबालिकाका सवाल तथा समस्याहरु सम्बन्धित सरोकारवालाहरु समक्ष राख्ने : बाल क्लव तथा बाल संजालहरुले सामुहिक रुपमा वा आफ्ना प्रतिनधि मार्फत बालबालिकासँग सम्बन्धित स्थानीय सवालहरु वा समस्याहरु, वयस्कहरु, अभिभावक, स्थानीय सरकार र सम्बन्धित सरोकारवालाहरु समक्ष राख्ने र ति सवाल तथा समस्याहरुलाई सम्बोधन गर्ने, ऐन, कानुन, योजना, नीति तथा कार्यक्रम बनाउनका लागि प्रभाव पार्ने किसिमका क्रियायाकलापहरु गर्ने ।जस्तैः बाल भेला, अन्तरक्रिया तथा छलफल, बाल सुनुवाइ, सरोकारवालाहरु भेटघाट, विज्ञप्ति निकाल्ने जस्ता कृयालापहरु आयोजना गर्न र वयस्कहरुले आयोजना गरेका यस्ता कार्यक्रमहरुमा प्रतिनिधित्व गर्दै आफ्नो कुराहरु राख्न सक्छन्|

**१७. बाल क्लवले सञ्चालन गर्ने कार्यक्रमहरुको सीमा देहाय बमोजिमका गतिविधि एवं कार्यक्रमहरु बाल क्लबहरुले संचालन गर्न हुँदैन ।**

१. कुनैपनि राजनीतिक दल वा त्यसको भातृ संगठनको प्रत्यक्ष पक्षपोषण वा विरोध गर्ने ।

२. सार्वजनिक वा कसैको व्यक्तिगत सम्पत्ती माथि, कुनैपनि व्यक्तिको जीउ ज्यान माथी क्षति पुग्ने ।

३. कुनैपनि जातजाति, पेशा व्यवसाय र समुदाय प्रति गलत विचार, भावना, सुचना र दृष्टिकोण सम्प्रेषण गर्ने ।

४. यौन हिंसा, दुव्र्यवहार तथा शोषण प्रभावित तथा यसको जोखिममा रहेका बालबालिकाको बारेमा पहिचान खुल्ने सुचना तथा जानकारीहरु सार्वजनिक गर्ने र गोपनियता भंग गर्ने गतिविधिहरु ।

५. रातको समयमा आफ्नो भन्दा परिवार बाहिर गएर गरिने क्रियाकलापहरु, परिवार, विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु । तर, बालबालिकाहरुको लागि उचित सुरक्षाको सुनिश्चितता गरिएको छ भने त्यस्तो अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ र सम्बन्धित अभिभावकहरुको सहमतिमा त्यस्ता कार्यक्रम वा गतिविधिहरुमा बालबालिकाहरुले प्रतिनिधित्व गर्न सक्छन् ।

६. उचित सुरक्षाको प्रबन्ध र आवश्यक पुर्व अनुमती बेगर कसैको पनि जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउन वा अन्य यस्ता जोखिमयुक्त कृयाकलाप संचालन गर्न ।

७. बाल क्लव वा बाल संजालको आफ्नै कोष निर्माण गर्न वा आय आर्जनका लागि बालश्रम लगायत कुनै पनि ब्यापार, ब्यवसायहरु ।

८.वयस्कहरुको संस्था वा क्लव वा कुनैपनि सामाजिक संघ सस्थाले जस्तो सिंगो परियोजना सञ्चालन गर्ने वा तिनिहरुका परियोजना अन्तर्गतका कामहरु जो वयस्कहरुले गर्नुपर्छ त्यस्ता कृयाकलाप वा गतिविधि गर्न ।

९. सामाजिक शान्ति सुरक्षामा नकारात्मक असर पर्ने देखिएको अवस्थामा बाल अधिकारकर्मी, स्थानीय बाल संरक्षण समिति तथा बालमैत्री सुशासन समन्वय समितिको परामर्शमा स्थानीय सरकारले, सम्बन्धित संस्था वा कार्यालयले वा विद्यालयले निश्चित गतिविधीलाई रोक लगाउन सक्नेछ ।

## परिच्छेद ६ : बाल क्लवको सदस्यता सम्बन्धी व्यवस्था

### १८.सदस्यता वितरण र व्यवस्थापन

१. बाल क्लवले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । विद्यालयमा आधारित बाल क्लवको सदस्य हुन सोही विद्यालयमा अध्ययनरत विद्यार्थी र समुदायमा आधारित बाल क्लवको सदस्य हुन सोही समुदायमा बसोबास गर्ने बालबालिका नै हुनुपर्दछ ।

२. कुनैपनि बालक वा बालिका बाल क्लवको सदस्य बन्न चाहेको खण्डमा सामान्यतया बाल क्लवले सदस्यता दिनुपर्दछ । तर बाल क्लवको सदस्य बन्न कुनैपनि बालक वा बालिकालाई दबाब दिन पाइनेछैन ।

३. सदस्य नभएकै कारण बाल क्लवले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनैपनि बालबालिकालाई सहभागी हुनबाट बन्चित गरिने छैन |

४. बाल क्लव सदस्यहरुको अभिलेख सम्बन्धित बाल क्लवले आफनै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरु उल्लेख हुनुपर्दछ | नाम थर, ठेगाना, उमेर, लिंग, (विद्यालयमा भए कक्षा), अविभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भए सम्म) ।

५. श्रोत साधन उपलब्ध भएसम्म बाल क्लवले आफ्ना सदस्यहरुलाई सदस्यता पत्र पनि वितरण गर्न सक्नेछ ।

### १९. प्रतिनिधत्व र सहभागिताको समान अवसरको व्यवस्थापन

१. बाल क्लव तथा बाल संजालमा आवद्ध सबै सदस्यहरुले आफ्नो व्यक्तित्व विकास गर्ने र प्रतिनिधित्व गर्ने अवसर समान ढंगले प्राप्त गर्नेछन भन्ने कुरा सुनिश्चित गर्न ती क्लव तथा संजालले विभिन्न अवसरहरुको बाँडफाड र पालैपालो प्रतिनिधित्व गर्ने नियम बनाउन सक्नेछन । यसका लागि वयस्क सहजकर्ताले मद्दत गर्नुपर्नेछ ।

२. बाल क्लव तथा बाल संजाल अन्तर्गत विषयगत उप क्लवहरु बनाएर सोही अनुसार प्रतिनिधित्वको अवसर तथा व्यक्तित्व विकास सँग सम्बन्धित अन्य अवसरहरु दिनुपर्नेछ ।

३. आयोजक संस्था वा कार्यालयले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरुलाई प्रतिनिधित्व वा सहभागिताको अवसर दिनुपर्नेछ ।

४. बाल क्लव वा बाल संजालको प्रतिनिधित्व गर्ने सदस्यले र कुनैपनि अन्तरक्रिया, छलफल, बैठक वा कार्यक्रममा जानु अघि आफ्नो क्लवका सदस्य र सहजकर्तासँग छलफल र परामर्श गरीआफुले उठाउनुपर्ने सवाल वा छलफलको विषय निर्धारण गर्नुपर्नेछ ।

५. बाल क्लव वा बाल संजालका सदस्य कुनैपनि कार्यक्रम सहभागी भईसकेपछि आफ्नो क्लव तथा संजालका सदस्यहरु र सहजकर्ताको बैठक राखी आफु सहभागी भएको कार्यक्रममा भए गरेका सबै छलफल, निचोड र सिकाईका बारेमा जानकारी दिनुपर्नेछ । सकेसम्म एक पाना प्रतिवेदन लेखेर बाल क्लव वा संजालको फाइल वा माइन्युटसँगै राखुपर्नेछ ।

**२०. सदस्यहरु बीचको विवादको समाधान सामान्यतया बाल क्लव तथा संजालमा उत्पन्न हुने विवादहरुलाई निम्न ढंगले समाधान गर्न सकिनेछ ।**

१. बाल क्लव तथा संजालको योजना निर्माण तथा कार्यान्वयन लगायतका छलफलमा सबै सदस्यहरुलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो बिचार राख्न लगाउने ।

२. बाल क्लव तथा संजालको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रकृयाका बारेमा आचारसंहिता निर्माण गर्नुपर्दछ । नमुना आचारसंहिता अनुसुची ६ मा दिइएको छ ।

३. कार्यक्रम आयोजना गर्ने सन्दर्भमा बाल क्लव तथा संजालका सदस्यहरुमाझ फरक प्रस्तावहरु वा फरक मतहरु प्राप्त भएमा, ती कार्यक्रमहरुको सुचि तयार गर्ने र सदस्यहरु बिच आपसी छलफल गरी ती कार्यक्रमहरुको प्राथमिकिकरण गर्न लगाउने । कार्यक्रमको छनौट तथा प्राथमिकरण गर्दा निम्न कुराहरुलाई आधारमा बनाउने ।

क). बालबालिकाहरुको रुचि, उनीहरुसँग भएको संभावित सृजना वा कलालाई उजागर गर्ने, प्रर्वद्धन गर्ने र जोखिमरहित कार्यक्रमलाईलाई पहिलो प्राथमिकता दिने ।

ख) बालबालिकाहरुका सवालहरु उठान गर्ने र उनीहरुको सहभागितालाई प्रर्वद्धन गर्ने कार्यक्रलापलाई छनोट गर्ने ।

ग) अधिकार संगसंगै बालबालिकाहरुले पुरा गर्नुपर्ने कर्तब्य बारेमा बुझाउने खालका क्रियाकलापहरु ।

घ) आर्थिक लगानी नलाग्ने धेरै समय नलाग्ने र विद्यालय शिक्षालाई असर नपु¥याउने कार्यक्रमहरु ।

ङ) समुदाय तथा क्लबहरुमा भेदभाव, मनमुटाब र द्धन्द सृजना नगर्ने कार्यक्रमहरु ।

च) बालबालिकाहरुको गुणस्तरीय शिक्षा र सकारात्मक आनीबानी तर्फ अभिमुख गराउने कार्यक्रमहरु ।

४. बाल क्लव तथा संजालका सदस्यहरु माझ बालबालिका सम्बन्धित स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरु आएमा ती धारणाहरुलाई समावेश गरी साझा धारणा बनाउनुपर्दछ । यसका लागि निम्न कार्यहरु गर्न सकिनेछ ।

क) सबै सदस्यहरुलाई सम्बन्धित विषयमा पालैपालो आफ्नो विचारहरु छोट्करीमा राख्न दिनुपर्दछ । यसरी बिचार राख्दा अरुको बिचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्न हुँदैन ।

ख) फरक फरक धारणाहरुलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

ग) यदि नितान्त विपरित धारणाहरु आएमा बाल क्लवको बैठकमा ती फरक धारणाहरु र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरुले ब्यक्त गरेको धारणा अनुसार बाल क्लवले गतिविधि गर्नुपर्दछ ।

५. बाल क्लव तथा संजालका सदस्यहरु माझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा विवाद भएमा देहाय बमोजीम सहजिकरण गर्न सकिनेछ।

क) बाल क्लव तथा संजालका सदस्यहरु बीच विवादको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने।

ख) बाल क्लव तथा संजालका सदस्यहरुले उठाएको विवादको विषय र उनीहरुले दिएका तर्क तथा प्रमाणहरुको सुचि बनाउने ।

ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल क्लवको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धी विवादको छानविन गरी निर्णय प्रदान गर्ने ।

६. बाल क्लव भित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिती हुनुपर्दछ ।

## परिच्छेद ७ : बाल क्लव र संजालको आर्थिक व्यवस्थापन तथा सहायता

### २१. आर्थिक व्यवस्थापन

१. बाल समूहको आर्थिक कोषमा देहायको रकम रहनेछ :

क) स्वेच्छिक रुपमा उठेको सदस्यहरुको नवीकरण वा मासिक शुल्क,

ख) चन्दा तथा सहयोग,

ग) संस्थाहरुबाट प्राप्त हुने आर्थिक सहायता ,

घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

ङ) नगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,

च) स्थानीय समूह तथा निजी क्षेत्रहरुबाट प्राप्त हुने सहायता ,

छ) यस्तै अन्य आयहरु ।

२. बालसमूहले आर्थिक सहयोगको लागि सामान्य निवेदन दिए पुग्ने छ, कुनैपनि व्यक्ति, संस्था वा कार्यालयले बाल क्लव तथा संजाललाई पाँच हजार भन्दा बढी आर्थिक सहयोग गर्नुपरेको अवस्थामा सो सहयोग जिन्सी वा सेवा खरिद गरी सहयोग गर्नुपर्दछ ।

३. बाल क्लब तथा संजालले आर्थिक कारोवारको विवरण प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार राख्नु पर्नेछ र खर्च फछ्र्यौट गर्दा उपलब्ध बिल, भर्पाइ र आय ब्ययको हस्तलिखित विवरण सहित पेश गर्नुपर्नेछ ।

४. बालबालिकासँग सम्बन्धित कुनैपनि परियोजना वा कार्यक्रम संचालनका लागि सोझै बाल क्लव तथा संजालसँग सम्झौता गरी आर्थिक सहयोग प्रदान गर्न पाइनेछैन । यसका लागि बालबालिकाको हकहित संरक्षणका लागि सक्रिय औपचारिक तथा अनौपचारिक समिति, समूह वा संस्था मार्फत सहयोग गर्नुपर्दछ । जस्तै वडा बाल संरक्षण समिति र नगर बाल संरक्षण समिति मार्फत बालबालिकाहरुको लागि सहयोग तथा सहकार्य गर्न सकिन्छ ।

५. बाल क्लव तथा संजालहरुले विभिन्न क्रियाकलापहरु आयोजना गरेर पनि आर्थिक संकलन गर्न सक्नेछन् र सो आर्थिक संकलन उनीहरुले आफ्नो योजनानुसार र आफ्ना सदस्यहरुका लागि खर्च गर्न सक्नेछन् ।जस्तै देउसी भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगीता आदि । यस्ता कार्यक्रम आयोजना हुँदा सम्बन्धित विद्यालय, वडा तथा सहजकर्ताको स्वीकृती, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

७. बाल क्लव तथा संजालको बार्षिक आय व्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । ३००० भन्दा बढी रकमको क्रियाकलाप वा गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आम्दानी र खर्च सम्बन्धित बाल क्लव तथा संजालबाट अनुमोदन गराउनुपर्नेछ, बाल क्लवबाट भएको खर्चका आर्थिक कारोबार दुईहप्ता भित्र फरफारक गर्नुपर्नेछ ।

८. बाल क्लव तथा बाल संजालले मासिक, चौमासिक वा आवधिक रुपमा बचत संकलन, लगानी वा अन्य त्यस्तै किसिमले परिचालन गर्न हुँदैन ।

९).बाल क्लबले संकलन गरेको रकम उनीहरुले आयोजना गर्ने बालमैत्री गतिविधिमा मा्ात्र खर्च गर्न सकिनेछ , यूतो रकम छात्रवृत्ति, भौतिकपूर्वाधारहरुको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता , आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउन वा खर्च गर्न पाइने छैन ।

## परिच्छेद ८ : बाल क्लव तथ संजाल र अन्य निकायहरुको सम्बन्ध र सहकार्य

### २२. स्थानीय तह (वडा तथा नगरपालिका) सँगको सम्बन्ध र सहकार्य

१. सबै बाल क्लव र संजालले आफ्नो स्थानीय तह (वडा तथा गाँउपालिका) को कार्यालयमा सुचिकरण तथा नवीकरण गर्नुपर्नेछ ।

२. वडा तथा पालिकाले आफ्नो क्षेत्रभित्रको बाल क्लव र संजालहरुको विवरण अद्यावधिक गर्नेछ ।

३. वडा तथा पालिकाले आफ्नो मूल योजना वा वार्षिक योजना मा बालबालिकाहरुका स्थानीय सवाल र समस्याहरुलाई सम्बोधन गर्नेगरी क्रियाकलाप तथा आवश्यक बजेट विनियोजन गर्नेछ ।

४. जस्तै बाल क्लव तथा संजालको मासिक बैठक, बाल क्लव तथा संजालको संचालन तथा व्यवस्थापनका लागि क्षमता वृद्धि, बाल क्लव तथा संजाल सहजीकरण गर्ने सहजकर्ता र बाल संरक्षण समितिको लागि आवश्यक खर्च, खेलकुदका सामाग्री, महिनावारी सरसफाई तथा व्यवस्थापपन सम्बन्धी विद्यालयहरुमा जस्ता क्रियाकलापहरुका लागि सम्बन्धित वडा तथा पालिकाले वार्षिक बजेट विनियोजन गर्नेछ ।

५. वडा तथा पालिका अन्तर्गत निर्माण र कार्यान्वयन भएका बालबालिका सम्बन्धी योजना, कार्यक्रम तथा उक्त कार्यालयहरुबाट उपलब्ध गराईने सेवा सुविधाहरु बारेमा जानकारी तथा सुचनाहरु लिने, त्यस्ता जानकारी वा सुचनाहरु प्रचार प्रसार गर्ने र ती योजना, कार्यक्रम तथा सेवा सुविधाहरुबाट बालबालिकाहरुलाई फाईदा पुगेको वा नपुगेको कुरा अनुगमन गर्ने र आवश्यक परेमा सम्बन्धी सरोकारवालाहरुसँग आवाज उठाउने काम सबै बाल क्लव तथा संजालहरुले गर्नसक्नेछ ।

६. बाल क्लव तथा संजालहरुले वडा कार्यालय तथा पालिकाको कार्यालय सँग आफ्नो योजना कार्यान्वयनका लागि आर्थिक, मानविय श्रोत तथा आवश्यक सामाग्रीको लागि सहयोग माग गर्न सक्नेछन ।

७. बाल क्लव तथा संजालले हरेक वर्ष सम्पन्न गरेका क्रियाकलापहरुको सुचि, विवरण र सामान्य प्रतिवेदन (तोकिएको ढाँचामा) वडा कार्यालय तथा पालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

### २३. बालबालिका सम्बन्धी स्थानीय समितिहरुसँगको सम्बन्ध र सहकार्य

१. वडा तथा पालिका स्तरमा स्थापना गरिएका औपचारिक वा अनौपचारिक समितिहरु जस्तै ः बाल अधिकार संरक्षण समिति, बालमैत्री शासन समिति, मानव बेचबिखन नियन्त्रण समिति, शिक्षा समिति र विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, स्वास्थ्य समिति र खानेपानी तथा सरसफाइ समिति बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समितिहरु हुन् ।

२. बाल क्लव वा सञ्जालका प्रतिनिधिहरुलाई माथि उल्लेखित यस्ता समितिहरुमा सदस्यको रुपमा सहभागी गराईनेछ ।

३. यसमा उल्लेख गरिएका समितिहरुको बार्षिक योजना तथा कार्यक्रममा बाल संरक्षण, बाल विकास, बाल सहभागितालाई प्रर्वद्धन गर्ने खालका क्रियाकलापहरु समावेश गरिनुपर्छ ।

४. बाल क्लव, संजाल तथा जो कोहि बालबालिकाबाट प्राप्त हुन आएका वडा तथा पालिकासँग सम्बन्धित गुनासो र सुझावहरुलाई उचित सम्बोधन गराउनका लागि यस्ता स्थानीय समितिहरुद्वारा पैरवी गरिनुपर्दछ ।

५. जोखिममा रहेका कुनैपनि बालक वा बालिकाको संरक्षण तथा अन्य सहयोगका लागि सम्प्रेषण गरिएका घटनाहरुमा तत्काल सम्बोधन गर्नुपर्नेछ र आवश्यकता बमोजिम अन्य सरोकारवाला पक्षहरु वा सेवा प्रदायक संस्थाहरुरुसँग समन्वय तथा सहकार्य गरिनुपर्दछ ।

६. यस्ता समितिहरुले समूह कार्यलाई थप प्रोत्साहन गर्नका लागि उत्कृष्ट बाल क्लव तथा संजाल पुरस्कार र सम्मान कार्यक्रमहरु गर्न सक्नेछन् ।

## २४. विद्यालय व्यवस्थापन समितिको भूमिका

१. विद्यालयमा रहेका बाल क्लवहरु विद्यालय व्यवस्थापन समितिसँग आवद्ध हुनुपर्दछ ।

२. विद्यालयको बार्षिक योजना तथा कार्यक्रममा बालबालिकाहरुका समस्या तथा सवालहरुलाई सम्बोधन गर्नेगरी क्रियाकलाप तथा बजेट निर्धारण गरिनुपर्दछ । यसरी कार्यक्रयम तथा बजेट विनियोजन गर्दा विद्यालय स्तरीय बाल क्लवका सदस्यहरु वा प्रतिनिधिहरुसँग परामर्श गरिनुपर्दछ ।

३. विद्यालय व्यवस्थापन समितिमा सम्बन्धित विद्यालयको बाल क्लवका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराईनुपर्दछ , विद्यालय व्यवस्थापन समितिको बैठकहरुमा बालबालिकाहरुले आफ्नो कुरा राख्न सक्ने वातावरण बनाइदिनुपर्दछ, उनीहरुको आवाज, समस्याहरु वा सवालहरु सुनिनुपर्दछ, र उनीहरुले राखेको समस्या, सवाल वा सरोकारहरुको उचित सम्बोधन गरिनुपर्दछ । यदि सम्बोधन गर्न नसकिएको खण्डमा किन सम्बोधन गर्न सकिएन भन्ने बारेमा प्रष्ट कारणहरु खुलाई दिनु पर्दछ ।

४. विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुन सक्ने विषयहरु र बालबालिकाहरुको सरोकार नभएका विषयवस्तुमा जस्तै ः शिक्षक नियुक्ती र कारवाही, निर्माण ठेक्का पट्टा तथा अनियमतिताका जस्ता कुराहरुमा छलफल गर्दा बालबालिकालाई प्रत्यक्ष सहभागी गराईनु हुदैन ।

५. विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारी को व्यवहार, पढाउने शैली, विद्यालयभित्र निर्माण गरिने भौतिक संरचनाहरुको स्वरुप र गुणस्तरका विषयहरुमा छलफल गर्दा भने बाल क्लव तथा संजालका सदस्यहरुको र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गरिनुपर्दछ ।

## २५. अन्य सामाजिक संघसंस्था तथा सेवा प्रदायक संस्थाः कार्यालयहरु

१. वडा तथा पालिका भित्र क्रियाशील विभिन्न सामाजिक संघ संस्था तथा सेवा प्रदायक संस्था तथा कार्यालयहरुले बालबालिकालाई प्रत्यक्ष प्रभाव पार्ने नीति, रणनीति, योजना, कार्यक्रयम निर्माण तथा कार्यान्वयन प्रकृयाहरुमा बाल क्लव तथा संजालका प्रतिनिधिहरुसँग अनिवार्य परामर्श गर्नुपर्दछ ।

२. सेवा प्रदायक संस्था तथा कार्यालयहरुले बालबालिकाको लागि नि शुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरुको बारेमा प्रचार प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन गर्न बाल क्लव तथा संजालहरुसँग सहकार्य गर्न सक्छन् । तर यसरी सहकार्य गर्दा बाल क्लव तथा संजालका सदस्यहरुको विद्यालय शिक्षालाई नकरात्मक असर पर्नु हुदैन ।

३. सेवा प्रदायक संस्था वा कार्यालयहरुले बालबालिकालाई जोखिम हुने, फौज्दारी अपराधका विषय, विवादित विषय, लगायतका विषयमा छलफल गर्न, उनीहरुको राय वा निश्कर्ष माग्न र त्यस्ता काममा संलग्न वा सहभागी गराउनु हुँदैन । तर, न्यायिक प्रकृयामा भने जोखिममा परेका वा जोखिम प्रभावित बालबालिकासँग परामर्श गर्न सकिनेछ ।

४). सेवा प्रदायक संस्था वा कार्यालयहरुले १४ वर्षभन्दा मुनिका बालबालिकाहरुलाई कुनैपनि ज्यालादारी काममा लगाउनु हुदैन ।

## २६. योजना तर्जुमामा बाल क्लव तथा बाल संजालको प्रतिनिधित्वको व्यवस्था

१. वस्ती, वडा तथा पालिकाको योजना निर्माण चक्रमा बाल क्लव तथा संजालको प्रतिनिधित्व अनिवार्य हुनेछ । त्यसरी बालबालिकाहरुको प्रतिनिधित्व गरेर सहभागी भएका बालबालिकाहरुको विचार तथा भावना वा सरोकारहरु सुन्नलाई निश्चित समय छुट्याउनुपर्नेछ ।

२. वडास्तर र पालिकास्तरमा बाल भेला मार्फत बालबालिकाहरुको सरोकार, आवश्यकता, समस्या वा सवालहरु निर्धारण र प्राथमिकीकरण गर्नुपर्नेछ । यसरी निर्धारण र प्राथमिकीरण गरिएका सवालहरुलाई सम्बोधन गर्न वडा तथा पालिकाको वार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

३. बालबालिकाहरुको लागि निर्माण गरिएको योजना तथा विनियोजन गरिएको बजेट बारेमा सबै बाल क्लव तथा संजालहरुको जानकारीका लागि सार्वजनिक सुचना जारी गरिनुपर्नेछ । यस्तो सूचना सरल भाषामा हुनुपर्नेछ ।

४). बालबालिकाका लागि कार्यक्रममा बालबालिकाहरुलाई प्रत्यक्ष आर्थिक क्रियाकलापमा सहभागि गराउनु हुदैन ।

## परिच्छेद ९ : बाल क्लवको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

### २७. बाल क्लवको सम्मिलन

१. एकै विद्यालय, वडा वा नगरपालिका भित्र रहेका दुई वा दुई भन्दा बढी बाल क्लवहरु सम्मिलन हुन सक्दछन् ।

२. फरक वडा, फरक पालिका वा फरक विद्यालय भित्र रहेका बाल क्लवहरु सम्मिलन हुन सक्नेछैनन् ।

३. सहजकर्ताको उपस्थितिमा मात्रै बाल क्लवका सदस्यहरुको भेलाले सम्मिलनमा जाने निर्णय गर्नुपर्नेछ ।

४. सम्मिलन गर्न चाहने सबै बाल क्लवका सहजकर्ता समेतको उपस्थितीमा सदस्यहरुको भेला आयोजना गरीमाथि नियम ७ मा उल्लेख भए अनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।

५. सम्मिलन पश्चात नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित वडा कार्यालय तथा पालिकाको कार्यालयमा सम्मिलनको जानकारी दिइनुपर्दछ ।

६. यसरी सम्मिलन पछि सम्मिलन भएका बाल क्लवको सुचिकरण खारेज हुनेछ र नयाँ बाल क्लव सूचिकृत हुनेछ ।

### २८. बाल क्लव तथा संजालको विघटन

बाल क्लव तथा संजाल निम्न अवस्थामा विघटन भएको मानिनेछ ः

१. बाल क्लव तथा संजाल निरन्तर २ (दुई) बर्ष सम्म अद्यावधिक नभएमा । अद्यावधिक नभएका बाल क्लव तथा संजाललाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

२. बाल क्लव तथा संजालका बहुमत सदस्यहरुले बाल क्लव विघटन गर्ने निर्णय गरेमा ।

३. विद्यालयमा आधारित बाल क्लव तथा संजालको हकमा, उचित कारण सहित विद्यालयले बाल क्लव विघटन गर्न सिफारिस गरेमा ।

४. वडा कार्यालय , पालिका कार्यालय, सहजकर्ता संस्थाले उचित कारण सहित बाल क्लव वा संजाल विघटन गर्न सिफारिस गरेमा ।

५. माथी ३ र ४ अनुसार बिघटन हुनुपुर्व सार्वजनिक सुचना जारी गरिनेछ र बाल क्लव तथा संजालका सदस्यहरुसँग छलफल गरिनेछ ।

६. विघटन भएका बाल क्लव तथा संजालहरु वडा कार्यालय तथा नगरपालिकाको सुचिकरणबाट स्वतः खारेज हुनेछ ।

७. विघटन भएका बाल क्लव तथा संजालका भौतिक श्रोत, साधन तथा दस्तावेजहरु सम्बन्धित विद्यालय, वडा कार्यालयको वा नगरपालिकाको कार्यालयको संरक्षणमा रहनेछ र आवश्यक भएमा अर्को बाल क्लव तथा संजाललाई उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद १० : विविध

### २९. बाल क्लव तथा संजाल भित्र दलगत राजनीतिक प्रभावलाई न्युनीकरण गर्ने

१. बाल क्लव तथा संजालका सदस्यहरु तथा सम्बन्धित वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनसँग सम्बद्ध नरहेको व्यक्ति हुनुपर्दछ ।

२. बाल क्लव तथा संजालले बाल अधिकार प्रवद्र्धन र संरक्षणका विषयमा सबै राजनीतिक दलहरुसँग खुला अन्तक्रिया तथा छलफल आयोजना गर्न सक्छन् ।

३. बाल क्लव तथा संजालले कुनै एक राजनीतिक दल वा क्लवसँग मात्र सहकार्य गरेर कुनैपनि कार्यक्रम वा कृयाकलाप आयोजना गर्न हुँदैन ।

४. बाल क्लव तथा संजालले सार्वजनिक पद धारण गरेका, निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिलाई आफ्नो कार्यक्रममा प्रमुख अतिथि, अतिथि, श्रोत व्यक्ति वा सहजकर्ता बनाउन हुँदैन ।

५. बाल क्लव तथा संजालले कुनैपनि राजनीतिक दलको पक्ष वा विपक्षमा कार्यक्रम तथा क्रियाकलापहरु संचालन तथा आयोजना गर्न हुँदैन ।

६. बाल क्लव तथा संजालले कुनैपनि राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने, त्यस्को सदस्य बन्न प्रेरित गर्ने वा उनीहरुको कार्यक्रममा सहभागी हुने र अरुलाई सहभागी हुन लगाउने जस्ता गतिविधिहरु गर्न हुँदैन ।

### ३०. बाल क्लव र संजालभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवद्र्धन गर्ने

१. बाल क्लव तथा संजालले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रकृयाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्दछ ।

२. बाल क्लव तथा संजाल र तिनीहरुका सदस्यहरुले सबै लिंग, जाति, धर्म, वर्ग र समुदायप्रति भेदभावरहित बोली व्यवहार प्रर्दशन गर्ने, सभ्य र मर्यादित भाषाको प्रयोग गर्ने गलत सामाजिक अभ्यासहरुलाई निरुत्साहित गर्ने र आफ्नो पढाइलेखाइ लाई प्राथमिकता दिने जस्ता कुराहरुमा जोड दिने र यसो गर्नका लागि अन्य बालबालिकाहरुलाई पनि अभिमुखीकरण गर्ने गर्नुपर्दछ ।

३. बाल क्लव तथा संजालमा समावेशीताको सिद्धान्तलाई अवलम्वन्न गर्दै सबै जातजाति, लिंग, धर्म, वर्ग र समुदाय बालबालिकाको प्रतिनिधित्व तथा सहभागिता हुन सक्ने व्यवस्था गरिनुपर्दछ । बाल क्लव तथा संजालको नेतृत्व छनोट गर्दा पनि ती आधारहरुलाई मान्नुपर्दछ ।

५. बाल क्लव तथा संजालको बैठकमा धर्म, संस्कृति, चालचलन, अभ्यासहरुलाई प्रस्तावकै रुपमा पेश गरेर सबै सदस्यहरुले पालैपालो आफ्नो धर्म, संस्कृति, चालचलन, सामाजिक अभ्यासका राम्रा र सुधार गर्नुपर्ने कुराहरु छलफल गर्ने नियम बनाउन पनि सकिन्छ ।

**३१. बाल क्लव तथा संजालका गतिविधिबारे साझा सुनुवाइको व्यवस्था गर्ने**

१. कुनै पनि बाल क्लव तथा संजाल गठन गरिनु अघि सम्बन्धित टोल, समुदाय, विद्यालय, वडा तथा गाउँपालिकामा बाल क्लव तथा संजालको आवश्यकता, त्यसका फाइदाहरु र संभावित चुनौतिहरुको बारेमा अविभावकहरुलाई अनुशिक्षण गरिनुपर्दछ ।

२. बाल क्लव तथा संजालले आयोजना गर्ने सबै कृयाकलापलाई सबै बालबालिका तथा अभिभावकले रुचिकर नमान्न पनि सक्छन् । त्यसैले त्यस्ता कृयाकलाप, आनीबानी, व्यवहार बारेमा गुनासो गर्ने र प्रतिक्रिया दिने व्यवस्था गरिनुपर्दछ । यसरी प्राप्त गुनासो तथा सुझावउपर सुधार गर्नका लागि सम्बन्धित सहजकर्ता र बाल क्लव तथा संजालका प्रतिनिधिहरु संयुक्त रुपमा बसी छलफल गरिनुपर्दछ ।

३. यसरी प्राप्त सुझाव वा गुनासोका आधारमा मात्र बाल क्लव तथा संजाल विघटन गर्ने वा तिनीहरुका गतिविधिहरुलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हुँदैन । तर आवश्यकतानुसार उचित सुधार गर्नुपर्दछ ।

४. विद्यालयमा आधारित बाल क्लव तथा संजालका गतिविधिहरु बारेमा केहि गुनासो वा सुझाव भएमा अभिभावकहरु वा सम्बन्धित जोकोहिले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर सुझाव दिन सक्नेछन् ।

## अनुसुचीहरु

## अनुसुची १

बाल क्लव तथा संजालको नियम ढाँचा

क) बाल क्लव तथा संजालको परिचय

नाम :

ठेगाना :

सूचिकरण नम्बर :

ख) बाल क्लव तथा संजालको उद्देश्य र विषयहरु

१.

२.

३.

४.

ग) बाल क्लव तथा संजालको संगठन

१. सदस्य बन्ने तरिका

२. नेतृत्व चुन्ने तरिका

३. विघटन हुने

४. सदस्य बन्न नपाउने व्यक्तिहरु

५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरु

घ) बाल क्लव तथा संजालका सदस्यले पालन गर्नुपर्ने नियमहरु

१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरु

२. नेतृत्वमा निर्वाचित भए पछि पालन गर्ने नियमहरु

३. बैठकमा पालन गर्ने नियमहरु

४. अन्य बाल क्लवका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरु

ङ) बाल क्लव तथा संजालको आर्थिक श्रोत

१. सदस्यता शुल्क

२. नविकरण शुल्क

३. अन्य सहायता र श्रोतहरु

४. पैसा जम्मा गरी राख्ने ठाउँ

५. आम्दानी र खर्च विवरण कसले राख्ने

च) अन्य विषयहरु

## अनुसुची २

बाल क्लव तथा संजालका लागि आवश्यक आधारभुत सामाग्रीहरु

१. बाल क्लव तथा संजालको सामाग्री राख्नका लागि बाक्सा वा दराज

२. बैठक पुस्तिका

३. योजना पुस्तिका

४. बाल क्लवको नियम वा विधान

५. बाल क्लवका अध्ययन सामाग्रीहरु

६. बाल क्लवको आम्दानी र खर्च लेख्ने लेखा कापी

७. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरन्जनमुलक सामाग्री

## अनुसुची ३

बाल क्लव तथा संजालको कार्ययोजना फारम

बाल क्लव वा संजालको नाम :

ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.ः

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं. :.............................

कार्यक्रमको नाम

विषय

कहाँ गर्ने

कहिले गर्ने

श्रोत व्यवस्था

प्रमुख जिम्मेवार

सदस्यहरु

## अनुसुची ४

बाल क्लव तथा संजालको कार्यप्रगती विवरण फारम

बाल क्लव वा संजालको नाम : ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं. :............................

सम्पन्न कार्यक्रमको
नाम

विषय

कार्यक्रम भएको
स्थान

मिति

खर्च भएको रकम
र श्रोत

सहभागी संख्या

# अनुसुची ५

बाल क्लव तथा संजालको बैठक पुस्तिकाको नमुना

बाल क्लव तथा संजालको नाम : ...................................... बैठक संख्याः

बैठक मिति : बैठक स्थानः

वयस्क सहजकर्ताको नाम :

आज मिति ............मा .............. बाल क्लव वा संजालको बैठक क्लव÷संजालका श्री...........................को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरुबीच तपशिलमा उल्लेखित प्रस्तावनाहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती

क.वयस्क सहजकर्ता :

ख.आमन्त्रित (कोही भए)

ग.

घ.

ङ. बाल क्लबका पदाधिकारीहरु र सदस्यहरु

प्रस्तावनाहरु

क)

ख)

ग)

निर्णयहरु

क)

ख)

ग)

## अनुसुचि ६

बाल क्लव तथा संजालका पदाधिकारीहरुका लागि नमूना आचारसंहिता

क. २० वर्ष नपुग्दै आफूले पनि विवाह नगर्ने, र बाल विवाह सँग सम्बन्धित कुनैपनि कृयाकलापलाई सहयोग नगर्ने ।

ख. कुनै पनि प्रकारको मद्यपान, धुम्रपान, सूर्तिजन्य पदार्थ तथा लागू औषधको सेवन नगर्ने ।

ग. सार्वजनिक विदा वा विद्यालय विदाको दिन बाहेक अरु दिन नियमित विद्यालय जाने ।

घ विद्यालयमा आयोजना गरिने अतिरिक्त कृयाकलापहरुमा सक्रिय सहभागी हुने र आयोजना गर्ने कुरामा विद्यालयलाई सहयोग गर्ने ।

ङ लिंग, जाति, शारीरिक अवस्था, शैक्षिक अवस्था जस्ता कुराहरुको आधारमा कुनैपनि बालक बालिकालाई भेदभावपुर्ण व्यवहार नगर्ने

च कुनैपनि बालक वा बालिका उपर दुव्र्यवहार नगर्ने र यसो गर्न अरुलाई पनि नउक्साउने ।

छ फुर्सदको समयलाई सृजनात्मक कृयाकलापहरुमा प्रयोग गर्ने ।

ज आफूलाई जोखिम नहुनेगरीघरपरिवारको कामकाजमा सघाउने ।

झ. टेलिभिजन, रेडियो, मोबाईल, इन्टरनेट जस्ता संचार उपकरण तथा सुविधाको दुरुपयोग नगर्ने । तर आवश्यक सुचना तथा जानकारी प्राप्त गर्न र आफ्नो पढाइलेखाइलाई थप मजबुद बनाउन प्रयोग गर्ने।

ञ. आफ्नो अधिकारको प्रयोग गर्दा अरुहरुलाई हानीनोक्सानी नहुने गरीगर्ने ।

ट. आफु भन्दा सानो उमेरका भाई बहिनीहरुलाई माया तथा हेरचाह गर्ने ।

ठ. अभिभावक, शिक्षक र प्रौढहरुको पनि कुरा सुन्ने र राम्रो कुराहरुलाई अबलम्बन गर्ने ।

ड. वस्ती, समुदाय, वडा र नगरपालिका स्तरका योजना प्रक्रियाहरुमा बालबालिकाहरुको तर्फबाट प्रतिनिधित्व गर्ने र बालबालिकाहरुका सवाल समस्या तथा सरोकारहरु राख्ने ।

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. १०/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१